नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७७/७८ - ९१
चलानी नं. : ०३

CDS and Clearing Ltd.

## मेरो शेयरको स्वचालित नवीकरण सेवा सञ्चालन गरिएको सूचना !!!

लगानीकर्ताले आफ्नो हितग्राही खातामा मौज्दात रहेको धितोपत्रको विवरण हेर्न, धितोपत्रको सार्वजनिक निष्कासन अन्तर्गत प्राथमिक निष्कासन, थप निष्कासन तथा हकप्रद शेयर को सि-आश्बा प्रणाली मार्फत खरिद आवेदन दिन, धितोपत्रको दोस्रो बजारमा बिक्री गरिएका धितोपत्रको अभौतिक निर्देशन पुर्जी (e-DIS) जारी गर्न, खरिद गरिएका धितोपत्रको लागतको भारित औसत गणना गर्न लगायतका सेवाहरू प्रदान गर्नका लागि यस लि. ले सञ्चालनमा ल्याएको **"मेरो शेयर"** सेवाको नवीकरण गर्दा प्रयोगकर्ताले विभिन्न भुक्तानी सेवा प्रदायक कम्पनीहरू मार्फत भुक्तानी गरि स्वचालित रूपमा नवीकरण गर्ने व्यवस्थाको सुरुवात गरिएको व्यहोरा जानकारी गराइन्छ। सो कार्यका लागि ईसेवा नामक सेवा प्रदायकको प्रणालीलाई यस लि. को मेरो शेयर प्रणालीमा आवद्ध गरि सफलता पूर्वक परीक्षण सम्पन्न गरि सकिएकोले हाल उक्त प्रदायक मार्फत भुक्तानी गरि मेरो शेयर नवीकरण गर्ने व्यवस्था गरिएको व्यहोरा जानकारी गराइन्छ।

साथै हाल एनसिएचएल, खल्ती, आईएमईपे लगाएतका सेवा प्रदायकका प्रणालीलाई समेत यस प्रणालीमा आवद्ध गरी परीक्षण गर्ने कार्य जारी रहेकाले परीक्षण सम्पन्न भए पश्चात् उल्लिखित सेवा प्रदायकका प्रणालीलाई समेत यस प्रणालीमा आवद्ध गराउने व्यहोरा जानकारी गराइन्छ।

मितिः २०७७।०४।०१